नेपाल सरकार

शिक्षक सेवा आयोग

## प्राथमिक तह, तृतीय श्रेणी, शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन-२०८०।८१

(प्रथम पटक प्रकाशित मिति २०८१/०१/१५ गते)

सामुदायिक विद्यालयको प्राथमिक तह, तृतीय श्रेणी, शिक्षक पदमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा निम्न उल्लिखित मागपद सङ्ख्यामा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले आयोगको आधिकारिक अनलाइन दरखास्त प्रणाली https://online.tsc.gov.np/ बाट अनलाइन दरखास्त दिनुहुन यो विज्ञापन प्रकाशित गरिएको छ ।

| क्र स. | समूह→ | खुला | महिला | दलित महिला | मुस्लिम महिला | आदिवासी जनजाती | तराई-मधेशमा बसोवास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसंख्यक मुसलमान समुदाय | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन नं→ | 101/ 80/81 | 102/ 80/81 | 103/ 80/81 | 104/ 80/81 | 105/ 80/81 | 106/ 80/81 | 107/ 80/81 | 108/ 80/81 | 109/ 80/81 | जम्मा पद |
| | जिल्ला | **कोशी प्रदेश** | | | | | | | | | |
| 1 | ताप्लेजुङ | 43 | 12 | ० | ० | 9 | 8 | 3 | 2 | 1 | 78 |
| 2 | पाँचथर | 44 | 12 | ० | ० | 10 | 8 | 3 | 2 | 1 | 80 |
| 3 | ईलाम | 18 | 5 | ० | ० | 4 | 3 | 1 | 1 | ० | 32 |
| 4 | झापा | 58 | 15 | 1 | ० | 13 | 11 | 4 | 2 | 2 | 106 |
| 5 | संखुवासभा | 21 | 6 | ० | ० | 5 | 4 | 1 | 1 | 1 | 39 |
| 6 | तेह्रथुम | 32 | 9 | ० | ० | 7 | 6 | 3 | 1 | 1 | 59 |
| 7 | धनकुटा | 3 | 1 | ० | ० | 1 | 1 | ० | ० | ० | 6 |
| 8 | भोजपुर | 34 | 9 | ० | ० | 8 | 6 | 3 | 1 | 1 | 62 |
| 9 | मोरङ | 65 | 16 | 1 | ० | 14 | 12 | 5 | 3 | 2 | 118 |
| 10 | सुनसरी | 24 | 7 | ० | ० | 5 | 4 | 2 | 1 | 1 | 44 |
| 11 | सोलुखुम्वु | 57 | 15 | 1 | ० | 13 | 10 | 4 | 2 | 2 | 104 |
| 12 | खोटाङ | 92 | 24 | 1 | ० | 20 | 17 | 7 | 4 | 3 | 168 |
| 13 | ओखलढुङ्गा | 48 | 12 | 1 | ० | 10 | 9 | 3 | 2 | 2 | 87 |
| 14 | उदयपुर | 52 | 13 | 1 | ० | 11 | 9 | 4 | 2 | 2 | 94 |
| | जम्मा | 591 | 156 | 6 | ० | 130 | 108 | 43 | 24 | 19 | 1077 |
| | | **मधेश प्रदेश** | | | | | | | | | |
| 1 | सप्तरी | 24 | 7 | ० | ० | 5 | 4 | 2 | 1 | 1 | 44 |
| 2 | सिरहा | 24 | 7 | ० | ० | 5 | 4 | 2 | 1 | 1 | 44 |
| 3 | धनुषा | 59 | 15 | 1 | ० | 13 | 11 | 4 | 2 | 2 | 107 |
| 4 | महोत्तरी | 53 | 13 | 1 | ० | 12 | 10 | 4 | 2 | 2 | 97 |
| 5 | सर्लाही | 19 | 5 | ० | ० | 4 | 3 | 1 | 1 | 1 | 34 |
| 6 | रौतहट | 24 | 6 | ० | ० | 5 | 4 | 2 | 1 | 1 | 43 |
| 7 | वारा | 21 | 6 | ० | ० | 4 | 4 | 1 | 1 | 1 | 38 |
| 8 | पर्सा | 56 | 14 | 1 | ० | 12 | 10 | 4 | 2 | 2 | 101 |



शाखा अधिकृत

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

| क्र स. | समूह→ | खुला | महिला | दलित महिला | मुस्लिम महिला | आदिवासी जनजाती | तराई-मधेशमा बसोवास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसंख्यक मुसलमान समुदाय | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन नं→ | 101/ 80/81 | 102/ 80/81 | 103/ 80/81 | 104/ 80/81 | 105/ 80/81 | 106/ 80/81 | 107/ 80/81 | 108/ 80/81 | 109/ 80/81 | जम्मा पद |
| | जम्मा | 280 | 73 | 3 | ० | 60 | 50 | 20 | 11 | 11 | 508 |
| | **बागमती प्रदेश** | | | | | | | | | | |
| 1 | दोलखा | 39 | 10 | ० | ० | 8 | 7 | 3 | 2 | 1 | 70 |
| 2 | रामेछाप | 47 | 12 | 1 | ० | 10 | 9 | 3 | 2 | 2 | 86 |
| 3 | सिन्धुली | 37 | 10 | ० | ० | 8 | 7 | 3 | 2 | 1 | 68 |
| 4 | सिन्धुपाल्चोक | 56 | 14 | 1 | ० | 13 | 10 | 4 | 2 | 2 | 102 |
| 5 | रसुवा | 24 | 6 | ० | ० | 5 | 4 | 2 | 1 | 1 | 43 |
| 6 | नुवाकोट | 57 | 14 | 1 | ० | 13 | 10 | 4 | 2 | 2 | 103 |
| 7 | धादिङ | 41 | 11 | ० | ० | 9 | 8 | 3 | 2 | 1 | 75 |
| 8 | काभ्रेपलान्चोक | 90 | 23 | 1 | ० | 20 | 16 | 6 | 4 | 3 | 163 |
| 9 | भक्तपुर | 15 | 4 | ० | ० | 3 | 3+7*=10 | 1+3*=4 | 1 | ० | 37 |
| 10 | ललितपुर | 24 | 6 | ० | ० | 5+1*=6 | 4 | 2 | 1 | 1 | 44 |
| 11 | मकवानपुर | 114 | 29 | 1 | 1 | 25 | 21 | 8 | 5 | 4 | 208 |
| 12 | चितवन | 57 | 15 | 1 | ० | 13 | 10 | 4 | 2 | 2 | 104 |
| | जम्मा | 601 | 154 | 6 | 1 | 133 | 116 | 46 | 26 | 20 | 1103 |
| | **गण्डकी प्रदेश** | | | | | | | | | | |
| 1 | गोरखा | 48 | 12 | 1 | ० | 11 | 9 | 4 | 2 | 1 | 88 |
| 2 | मनाङ | 1 | 1 | ० | ० | ० | ० | ० | ० | ० | 2 |
| 3 | लमजुङ | 11 | 3 | ० | ० | 2 | 2 | 1 | 1 | ० | 20 |
| 4 | कास्की | 40 | 11 | ० | ० | 9 | 7 | 3 | 2 | 1 | 73 |
| 5 | तनहुँ | 95 | 24 | 1 | ० | 21 | 17 | 7 | 4 | 3 | 172 |
| 6 | स्याङ्जा | 103 | 27 | 1 | ० | 23 | 19 | 8 | 4 | 3 | 188 |
| 7 | मुस्ताङ | 1 | 1 | ० | ० | ० | ० | ० | ० | ० | 2 |
| 8 | म्याग्दी | 43 | 12 | ० | ० | 10 | 8 | 3 | 2 | 1 | 79 |
| 9 | बाग्लुङ | 15 | 4 | ० | ० | 3 | 3 | 1 | 1 | 1 | 28 |
| 10 | पर्वत | 18 | 5 | ० | ० | 4 | 3 | 1 | 1 | ० | 32 |
| 11 | नवलपरासी पूर्व | 64 | 16 | 1 | ० | 14 | 11 | 5 | 3 | 2 | 116 |
| | जम्मा | 439 | 116 | 4 | ० | 97 | 79 | 33 | 20 | 12 | 800 |
| | **लुम्बिनी प्रदेश** | | | | | | | | | | |
| 1 | नवलपरासी पश्चिम | 6 | 1 | ० | ० | 1 | 1 | 1 | ० | ० | 10 |
| 2 | पाल्पा | 22 | 6 | ० | ० | 5 | 4 | 1 | 1 | 1 | 40 |
| 3 | गुल्मी | 14 | 4 | ० | ० | 3 | 2 | 1 | 1 | ० | 25 |
| 4 | अर्घाखाँची | 108 | 27 | 1 | 1 | 24 | 20 | 8 | 4 | 4 | 197 |
| 5 | रुपन्देही | 17 | 4 | ० | ० | 3 | 3 | 1 | 1 | 1 | 30 |



शाखा अधिकृत

| क्र स. | समूह→ | खुला | महिला | दलित महिला | मुस्लिम महिला | आदिवासी जनजाती | तराई-मधेशमा बसोवास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसंख्यक मुसलमान समुदाय | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन नं→ | 101/80/81 | 102/80/81 | 103/80/81 | 104/80/81 | 105/80/81 | 106/80/81 | 107/80/81 | 108/80/81 | 109/80/81 | जम्मा पद |
| 6 | कपिलवस्तु | 6 | 1 | ० | ० | 1 | 1 | 1 | ० | ० | 10 |
| 7 | रुकुम पूर्व | 14 | 4 | ० | ० | 3 | 3 | 1 | 1 | ० | 26 |
| 8 | रोल्पा | 12 | 3 | ० | ० | 3 | 2 | 1 | 1 | ० | 22 |
| 9 | प्यूठान | 25 | 7 | ० | ० | 6 | 4 | 2 | 1 | 1 | 46 |
| 10 | दाङ | 12 | 3 | ० | ० | 2 | 2 | 1 | 1 | ० | 21 |
| 11 | बाँके | 17 | 4 | ० | ० | 3 | 3 | 1 | 1 | 1 | 30 |
| 12 | बर्दिया | 21 | 6 | ० | ० | 4 | 4 | 1 | 1 | 1 | 38 |
| | जम्मा | 274 | 70 | 1 | 1 | 58 | 49 | 20 | 13 | 9 | 495 |
| | **कर्णाली प्रदेश** | | | | | | | | | | |
| 1 | रुकुम पश्चिम | 6 | 2 | ० | ० | 1 | 1 | 1 | ० | ० | 11 |
| 2 | सल्यान | 10 | 3 | ० | ० | 2 | 2 | 1 | ० | ० | 18 |
| 3 | मुगु | 8 | 2 | ० | ० | 2 | 2 | 1 | ० | ० | 15 |
| 4 | डोल्पा | 4 | 1 | ० | ० | 1 | 1 | 1 | ० | ० | 8 |
| 5 | कालिकोट | 14 | 4 | ० | ० | 3 | 2 | 1 | 1 | ० | 25 |
| 6 | जुम्ला | 6 | 1 | ० | ० | 1 | 1 | 1 | ० | ० | 10 |
| 7 | जाजरकोट | 14 | 4 | ० | ० | 3 | 2 | 1 | 1 | ० | 25 |
| 8 | दैलेख | 17 | 5 | ० | ० | 4 | 3 | 1 | 1 | ० | 31 |
| 9 | सुर्खेत | 19 | 5 | ० | ० | 4 | 3 | 1 | 1 | 1 | 34 |
| | जम्मा | 98 | 27 | ० | ० | 21 | 17 | 9 | 4 | 1 | 177 |
| | **सुदूरपश्चिम प्रदेश** | | | | | | | | | | |
| 1 | बाजुरा | 17 | 4 | ० | ० | 3 | 3 | 1 | 1 | 1 | 30 |
| 2 | बझाङ | 18 | 5 | ० | ० | 4 | 3 | 1 | 1 | 1 | 33 |
| 3 | अछाम | 25 | 7 | ० | ० | 5 | 4 | 2 | 1 | 1 | 45 |
| 4 | डोटी | 29 | 8 | ० | ० | 7 | 5 | 2 | 1 | 1 | 53 |
| 5 | कैलाली | 12 | 3 | ० | ० | 2 | 2 | 1 | 1 | ० | 21 |
| 6 | दार्चुला | 20 | 6 | ० | ० | 4 | 4 | 1 | 1 | 1 | 37 |
| 7 | बैतडी | 25 | 7 | ० | ० | 5 | 4 | 2 | 1 | 1 | 45 |
| 8 | डडेल्धुरा | 18 | 5 | ० | ० | 4 | 3 | 1 | 1 | ० | 32 |
| 9 | कंचनपुर | 3 | 1 | ० | ० | 1 | 1 | ० | ० | ० | 6 |
| | जम्मा | 167 | 46 | ० | ० | 35 | 29 | 11 | 8 | 6 | 302 |
| | **कुल जम्मा** | **2450** | **642** | **20** | **2** | **534** | **448** | **182** | **106** | **78** | **4462** |

नेपाल सरकार शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुर २०५६

शाखा अधिकृत

**१. परीक्षाको किसिम:** (क) लिखित परीक्षा (सामान्य र विषयगत)
(ख) अन्तर्वार्ता

**२. परीक्षा सञ्चालन:**

(क) लिखित परीक्षा (सामान्य) सञ्चालन हुने मिति र समयः २०८१/०३/२२ गते अपरान्ह १:०० बजे ।

(ख) लिखित परीक्षा (विषयगत) को मिति सामान्य परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ ।

(ग) अन्तर्वार्ता हुने मिति, समय र स्थानः लिखित परीक्षा (विषयगत) को नतिजा प्रकाशन हुँदा तोकिनेछ ।

**३. परीक्षा केन्द्रः** कोशी प्रदेशको मोरङ, मधेश प्रदेशको धनुषा, बागमती प्रदेशको मकवानपुर, गण्डकी प्रदेशको कास्की, लुम्बिनी प्रदेशको दाङ, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा हुनेछ । यदि आवेदक सङ्ख्या धेरै भई उक्त जिल्लाहरुमा परीक्षा व्यवस्थापन गर्न नसकिने भएमा आयोगले निर्णय गरी अन्य जिल्लाहरुमा पनि परीक्षा केन्द्र तोक्न सक्नेछ ।अन्य विस्तृत जानकारी आयोगको वेबसाइटमा पछि प्रकाशन गरिनेछ।

**४. दरखास्त दस्तुरः** रु ५००/- र प्रत्येक समावेशी समूहका लागि थप रु. ४००/- का दरले बुझाउनु पर्नेछ ।

**५. दरखास्त दिने अन्तिम मितिः** २०८१/०२/१३ गतेसम्म ।

**६ दोब्बर दस्तुर बुझाई दरखास्त दिने मितिः** २०८१/०२/२० गतेसम्म ।

**७. उम्मेदवारको उमेरको हदः** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।

**८. दरखास्तको माध्यमः** विज्ञापन भएको पदमा आयोगको आधिकारिक अनलाइन पोर्टल **https://online.tsc.gov.np** मा गई दरखास्त पेश गर्नुपर्ने छ । दरखास्त पेश गर्ने विधिसम्बन्धी विस्तृत जानकारी आयोगको अनलाइन पोर्टलमा रहेको "प्रयोगकर्ता पुस्तिका" मा Click गरी हेर्न सकिनेछ ।

**९. फाराम भर्ने तथा दरखास्त दस्तुर बुझाउने बैंक र विधि:**

आयोगको अनलाइन पोर्टलबाट फाराम भरी submit गर्नुपर्नेछ । **फाराम submit गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन छुट भए नभएको यकिन गर्ने ।** यकिन गरिसकेपछि " दरखास्त पेस गरेको विवरण" मा Click गर्ने । दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा आफ्नो सवै विवरण ठीक भएको यकिन गर्ने। त्यसपछि दस्तुर बुझाउनका लागि "यहाँ क्लिक गर्नुहोस" मा Click गर्ने | बैंक Option मा "राष्ट्रिय बाणिज्य बैंक" वा "नेपाल बैंक लिमिटेड" मध्ये कुनै एक Option छनोट गर्ने । बैंक छनोट पश्चात् "भौचर प्राप्त गर्नुहोस" मा Click गर्ने | भौचर जेनरेट भएपछि उक्त भौचर प्रिन्ट गरी तोकिएको समयभित्र सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्नेछ । Online payment गर्नेको हकमा भौचर जेनरेट भएपछि त्यसै पेजमा रहेको "अनलाइन भुक्तानी गर्नुहोस" वटनमा Click गर्ने । त्यसपछि online भौचर जेनरेट हुनेछ र रकम भुक्तानी गर्न Connect IPS, E-Sewa र Khalti विकल्पहरु आउनेछ। त्यसपछि Connect IPS, E-Sewa र Khalti मध्ये कुनै एक विकल्प छनोट गरी Click गर्ने । तत्पश्चात "रकम भुक्तानी गर्नुहोस" मा Click गर्ने । त्यसपछि छनोट गरिएको विकल्पमा Username and password राखी Online Payment मा आफ्नो नामसहितको विवरण मिलेमा तोकिएको रकम (तोकिएको मिति बमोजिमको सिङ्गल वा दोब्बर दस्तुर) दाखिला गर्ने । रकम दाखिला भए नभएको यकिन गरी रकम दाखिला )Payment) को सत्यापन भएपछि मात्र आफ्नो निवेदन दाखिला भयो भनी सुनिश्चित हुने । प्रवेशपत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि आयोगले सूचना प्रकाशन गर्नेछ । यसका लागि आफ्नो इमेल, उम्मेदवार सङ्केत नम्बर र पासवर्ड सुरक्षित साथ राख्नुपर्नेछ ।

नेपाल सरकार शिक्षक सेवा आयोग सानोठिमी

शाखा अधिकृत

**१०. दरखास्त दस्तुर बुझाउने अवधिः-**

दरखास्त दिने अन्तिम मिति २०८१/०२/१३ गते राति ११:५९ बजेभित्र राजश्व सूचना प्रणालीबाट सृजित भौचर प्रिन्ट गरी मिति २०८१/०२/१४ गते बैंकिङ्ग कारोवार हुने समयभित्र र दोब्बर दस्तुर तिरी दरखास्त पेस गर्नेको हकमा मिति २०८१/०२/२० गते राति ११:५९ बजेभित्र राजश्व सूचना प्रणालीबाट सृजित भौचर प्रिन्ट गरी सो को भोलिपल्ट २०८१/०२/२१ गते बैंकिङ्ग कारोवार हुने समयभित्र भौचरमा उल्लिखित दस्तुर अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ । तर उक्त दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बुझाउन सकिनेछ ।

**११. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः-**

(क) नेपाली नागरिक ।

(ख) शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम १० बमोजिम अयोग्य नभएको ।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको । तर कुनै उम्मेदवारले २०० पूर्णाङ्कको शिक्षासम्बन्धी विषय लिई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त गरेको मानिनेछ ।

(घ) प्राथमिक तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।माथिल्लो तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको व्यक्तिहरु समेत यस विज्ञापनमा उल्लिखित शिक्षक पदमा उम्मेदवार हुन सक्नेछन् ।तर त्यस्ता व्यक्तिहरुले समेत शिक्षा विषयमा १० महिने तालिम पूरा गरेको हुनु पर्नेछ ।

**१२. अपलोड गर्नुपर्ने कागजातहरुः-**

नेपाली नागरिकताको प्रमाणपत्र, हालसालै खिचेको फोटो, दस्तखत नमुना, न्यूनतम योग्यताको लब्धाङ्कपत्र, तालिमको प्रमाणपत्र, स्थायी अध्यापन अनुमतिपत्र र समकक्षता प्रमाणपत्र (विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेकाको हकमा) Scan गरी अनलाइन दरखास्त पोर्टलले निर्दिष्ट गरेको स्थानमा jpeg/jpg format (प्रति इमेज बढीमा 200 KB) मा upload गर्नुपर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरण र पेश गरिएका कागजातहरुको आधिकारिकता सम्बन्धमा सम्बन्धित उम्मेदवार स्वयम् नै पूर्ण जवाफदेही हुनुपर्ने छ । उल्लिखित विवरण एवम् कागजात झुट्टा ठहरेमा वा तोकिएको कागजात पेश नगरेमा त्यस्तो दरखास्त जुनसुकै समयमा रद्द हुनेछ ।

**१३. समावेशीतर्फका उम्मेदवारहरुले पेस गर्नुपर्ने थप कागजातहरुः-**

(क) आदिवासी/जनजातिको सम्बन्धमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित भएको कागजात ।

(ख) तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदायका सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट "तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय" हो भनी प्रमाणित गरेको कागजात र त्यसरी नतोकिएको भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय हो भनी प्रमाणित गरेको कागजात।

नेपाल सरकार शिक्षक से... सानोठि...



शाखा अधिकृत

(ग) दलितका सम्बन्धमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थर भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित भएको कागजात ।

(घ) अपाङ्गताको हकमा सरोकारवाला निकाय (समाज कल्याण परिषद्, साविकको महिला विकास कार्यालय र सम्बन्धित स्थानीय तह) बाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र ।

(ङ) पिछडिएको क्षेत्रको सम्बन्धमा अछाम, बझाङ, बाजुरा, जाजरकोट, कालिकोट, जुम्ला, डोल्पा, मुगु र हुम्ला जिल्लामा जन्म तथा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट दरखास्त दिंदाको बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको हो भनी प्रमाणित भएको कागजात ।

**१४. विज्ञापनसम्बन्धी थप जानकारीः-**

(क) यस विज्ञापनको प्रतिस्पर्धा र छनोट जिल्लास्तरमा हुनेछ ।

(ख) लिखित परीक्षा एकै दिन एकै समयमा सबै प्रदेशमा हुने हुँदा कुनै पनि उम्मेदवारले एक जिल्लामा मात्र दरखास्त फाराम भर्न सक्नेछन् । यदि सो नगरेको कारणले दरखास्त फाराम अस्वीकृत हुन गएमा उम्मेदवार स्वयम् जवाफदेही र जिम्मेवार हुनेछन् ।

(ग) एउटै परीक्षामार्फत खुला र समावेशी समूहहरूको उम्मेदवार छनोट गरिनेछ ।

(घ) "आदिवासी/जनजाति", "तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय" वा "दलित" समूहबाट उम्मेदवार हुने व्यक्तिले कुनै एक खण्डको समुदायको उम्मेदवारको रुपमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछ । तर महिलाको हकमा यो व्यवस्था लागू हुने छैन ।

(ङ) विज्ञापन प्रकाशन भएको मितिले २१ दिनभित्र पद सङ्ख्या थपघट गर्न सम्बन्धित निकायबाट माग भई आएमा र सो पद सङ्ख्याले समावेशी समूहमा असर नपर्ने भएमा मागपद सङ्ख्या थपघट हुन सक्नेछ ।

(च) दोब्बर दस्तुरको समयावधिलाई उमेर, शैक्षिक योग्यता र तालिम प्रयोजनका लागि गणना गरिने छैन ।

(छ) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको लगायत रित नपुगेको वा कुनै शर्त राखिएको दरखास्त स्वीकृत गरिने छैन ।साथै कुनै उम्मेदवारले झुट्टा विवरण (कागजात) पेस गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त जुनसुकै बखत रद्द गरी प्रचलित कानूनबमोजिम कारवाही गरिनेछ ।

(ज) अपाङ्गता भएको कारण आफैले लेख्न नसक्ने (दृष्टिविहीन, 'ग' वर्गको न्यून दृष्टि र दुबै हात नचल्ने) उम्मेदवारले सहयोगी लेखक माग गरेमा सम्बन्धित तहका लागि तोकिएको न्यूनतम योग्यताभन्दा कम्तीमा एक तह मुनिको योग्यता भएको व्यक्तिलाई सहयोगी लेखकको रूपमा परीक्षामा बस्न उम्मेदवारको स्थायी बसोबास भएको जिल्ला वा परीक्षा केन्द्र रहेको जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइले अनुमति दिन सक्नेछ । यस्तो सहयोगी लेखकले तोकिएको न्यूनतम योग्यता एक वर्ष अगाडि मात्र उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(झ) विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

(ञ) कुनै उम्मेदवारले माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा स्नातक वा स्नातकोत्तर तह वा सो सरहको शैक्षिक उपाधि हासिल गरेपश्चात फरक विषयमा छुट्टै कम्तिमा २०० पूर्णाङ्क लिई परीक्षा उत्तीर्ण गरेको भए त्यस्ता व्यक्ति पनि विज्ञापित सम्बन्धित विषयमा उम्मेवार हुन सक्नेछन् ।

(ट) लिखित परीक्षा (सामान्य) मा उत्तीर्ण हुने उम्मेदवार मात्र विषयगत परीक्षामा सहभागी हुन पाउनेछन् ।



नेपाल सरकार शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुर २०५६

शाखा अधिकृत

(ठ) कुनै व्यक्तिले १० महिने तालिम लिई तत्कालिन उच्च माध्यमिक शिक्षा परिषद्को विशेष पाठ्यक्रमबाट कक्षा १२ उत्तीर्ण गरेको भए त्यसलाई शैक्षिक उपाधिको मान्यता नदिई तालिम प्रयोजनका लागि मात्र मान्यता दिइएको हुँदा त्यस्ता व्यक्ति यो विज्ञापनमा उम्मेदवार हुन सक्ने छैनन् ।

(ड) कुनै उम्मेदवारले पिछडिएको क्षेत्रबाट दरखास्त फारम भर्दा शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित) २०५७ को नियम ११क. को उपनियम (१) को स्पष्टीकरणको देहाय (२) मा उल्लिखित जिल्लाबाट नागरिकता प्रमाणपत्र जारी हुँदा जन्मस्थान र स्थायी वसोवास ती जिल्लाहरुमा भएमा पिछडिएको क्षेत्रको सुविधा पाइनेछ ।तर विवाह दर्ता वा वसाइँ सराइ गरेको कागजातको आधारमा सो क्षेत्रको सुविधा पाइने छैन् ।

(ढ) शिक्षक सेवा आयोगबाट मिति २०७९/१२/०९ को प्राथमिक तह, तृतीय श्रेणी, शिक्षक पदको लागि गरिएको विज्ञापनमा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ११क. उपनियम ५ मा उल्लेखित प्रावधानबमोजिम भक्तपुर र ललितपुर जिल्लाको समावेशी समूहमा पदपूर्ति हुन नसकेको आरक्षित पदलाई स्टार (*) चिन्हद्धारा सङ्केत गरी यो विज्ञापनमा समावेश गरिएको छ । यस विज्ञापनमा माग गरिएको पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद आगामी वर्ष प्रकाशित हुने विज्ञापनमा समावेश गरिनेछ ।

(ण) आयोगको **www.tsc.gov.np/download** पेजमा गई पाठ्यक्रम/नमुना प्रश्नपत्र प्राप्त गर्न सकिनेछ।

| विज्ञापन सम्बन्धि प्राविधिक जानकारीका लागि मोबाइल नम्बर ९८५११०३२९९ मा सम्पर्क गर्नुहुन अनुरोध छ । |
|---|

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

शाखा अधिकृत